मिति:२०८२/०१/१२ बैठक संख्या:१७

प्रस्ताव नं १. सियारी गाउँपालिका अन्तर्गत पर्ने तिनाउ नदी र दानव नदीको विभिन्न घाटको आय ठेक्का व्यवस्थापन गर्ने सम्बन्धमा ।

निर्णय नं १. प्रस्ताव नं १ माथि छलफल गर्दा यस सियारी गाउँ कार्यपालिकाको मिति:२०८१/११/२१ गतेको निर्णय अनुसार यस गाउँपालिका अन्तर्गत पर्ने तिनाउ नदी र दानव नदीका विभिन्न घाटहरुबाट माग भएबमोजिम राष्ट्रिय गौरवका आयोजनालाई नदीजन्य पदार्थ उपलब्ध गराउने निर्णय भएकोमा तोकिएको समय सीमाभित्र माग भएका कागजात प्राप्त नभएको हुनाले हालसम्म कुनै आयोजनासँग नदीजन्य पदार्थ उपलब्ध गराउने सम्झौता समेत नभएको हुँदा हाललाई ठेक्का प्रकृया मार्फत कार्यान्वयन गर्नको निम्ति तिनाउ नदी अमुवा पुल माथिको घाट, दानव नदीको जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय नभइसकेको कचकचहवा घाट र खैरहनी डी घाट बाहेक तपसिल अनुसारका घाटहरुबाट नदीजन्य पदार्थ उत्खनन, संकलन, व्यवस्थापनको एंव बिक्रि वितरणको लागि लुम्बिनी प्रदेश नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (२) बमोजिम १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल:

तिनाउ नदीको भर्थापुर घाट वडा नं ७, कनरी घाट वडा नं ३ र ७, सितापुर घाट वडा नं ३ र समयमाई घाट वडा नं १

दानव नदीको छपिया दयानगर घाट, धमसर घाट वडा नं ४

प्रस्ताव नं २. सेनिटरी प्याडको परिमार्जित न्यूनतम मापदण्ड स्वीकृत तथा सोही अनुसार कार्य गर्ने सम्बन्धमा ।

प्रस्ताव नं २ माथि छलफल गर्दा सियारी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड वितरणको लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूची-१ मा उल्लेखित स्यानीटरी प्याडको न्यूनतम मापदण्ड बमोजिम खरिद तथा वितरण गर्दा आकार, लम्बाई, चौडाईको सम्बन्धमा समस्या रहेको भनी उपभोग गर्ने विद्यार्थी तथा शिक्षकहरुबाट पटक पटक धेरै नै गुनासो प्राप्त हुन आएकोले उक्त मापदण्ड संशोधन गरी शिक्षा, युवा तथा खेलकुद विकास शाखाबाट पेश भएको तपसिल बमोजिमको संशोधित मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो । साथै आगामी दिनमा सेनिटरी प्याड सम्बन्धी कार्य सोही स्वीकृत मापदण्ड अनुसार गर्ने गराउने निर्णय गरियो ।

**तपसिल:**

**Specifications for Sanitary Pads**

1. **Type and physical finishing:** Regular with wing, napkin with uniform thickness throughout without any wrinkles and distortion. The sanitary napkins shall have a soft feel and when worn shall not chafe or give any uncomfortable feeling. They shall be free from all sorts of foreign matter.

CamScanner

2. **Raw material permitted:**

**a. Absorbent filter:** plant-based raw materials such as wood pulp, cellulose pulp, bamboo fiber, banana fiber and corn which have natural sterilization effects, tissue paper, pure cotton, shall be free from lumps, oil spots, dirt or foreign material.

**b. Covering:** The covering of the absorbent filter shall be of good quality cotton or rayon knitted sleeving, gauze or non-woven fabric with sufficient porosity to permit the assembled pad to meet absorbency requirements.

3. **Size:** size including minimum (Min. 280±10 mm length, Min. 80±5 mm width, thickness Min. 15mm ±2 mm).

4. **Absorbency:** the sanitary pad shall absorb at least 60 ml of coloured distilled water and it shall not show leakage at the bottom or sides of the sanitary napkin.

5. **Disposability:** disposable pad with the covering removed, shall be immersed in 15 liters of water and stirred. The pad shall disintegrate in the water in not more than 5 minutes.

6. **Colour:** The product shall be white in colour and shall be almost odourless.

7. **PH value:** free from acid and alkali, pH of absorbent material shall be 6-8.5.

8. **Hygiene testing requirement:** Total viable count (total number of bacteria and fungi) shall be not more than 1000 cfu/gm and absence of Staphylococcus aureus. The napkin shall be tested for the presence of staphylococcus aureus in accordance with IS 5887(Part 2).

9. The manufacturer shall declare that all ingredients used in the product are safe for human use based on its known toxicological characteristics at intended use.

10. **Packaging type:** at least 90% Compostable pack, protecting package to product.

11. **Packaging size:** minimum 8 pads per pack.

12. **Biodegradability or Composability requirements:** At least 90% degrade within 6 months (testing is performed and conformed from recognized and approved laboratory).

13. **Standards:** Must be NS Certified.

14. **Shelf life:** Shelf life of at least 2 years. The pads must have at least 1 year 9 months of shelf life left at the time of delivery for acceptance.

**Other Requirements.**

1. The bidder must include a sample of the proposed product along with the sealed quotation.
2. The pads must be labelled, "नेपाल सरकारबाट नि: शुल्क वितरणको लागि: बिक्री निषेधित".

3. Lab tests of the pads must be performed from a recognized laboratory regarding conformity to the above mentioned specifications and test reports must be submitted to the office before contract agreement.

प्रस्ताव नं ३. विरेन्द्र मा.वि. को दोस्रो तल्लाको तीन कोठे भवन निर्माण सम्बन्धमा।

निर्णय नं ३. प्रस्ताव नं ३ माथि छलफल गर्दा सियारी गाउँपालिकाको चालु आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विरेन्द्र मा.वि को दोस्रो तल्लाको तीन कोठे भवन निर्माण शिर्षकमा विनियोजित रु.२० लाखमा लागत अनुमान बमोजिम रु.२४,७६,०४५/ (अक्षरुपी चौबिस लाख छयात्तर हजार पैँचालिस रुपैँया मात्र) लाख पेश हुन आएकोले बाँकी रकम रु.४,७६,०४५/ (अक्षरुपी चार लाख छयात्तर हजार पैँचालिस रुपैँया मात्र) आगामी आ.व.२०८२/०८३ मा विनियोजन गर्ने स्रोत सुनिश्चित गरी बहुवर्षीय ठेक्का आह्वान गर्ने निर्णय गरियो।

प्रस्ताव नं ४. सियारी-७ बोरिङटोल बाईपास सडक सम्बन्धमा।

निर्णय नं ४. प्रस्ताव नं ४ माथि छलफल गर्दा सियारी गाउँपालिकाको चालु आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बोरिङटोल बाईपास सडक शिर्षकमा विनियोजित रु.२० लाखमा लागत अनुमान बमोजिम रु. २५ लाख पेश हुन आएकोले बाँकी रकम रु. ५ लाख आगामी आ.व.२०८२/०८३ मा विनियोजन गर्ने स्रोत सुनिश्चित गरी बहुवर्षीय ठेक्का आह्वान गर्ने निर्णय गरियो।

प्रस्ताव नं ५. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड सम्बन्धमा।

निर्णय नं ५. प्रस्ताव नं ५ माथि छलफल गर्दा सियारी गाउँपालिका अन्तर्गत भू-उपयोग क्षेत्र वर्गीकरणको लागि वडा समितिबाट निर्णय भई आए पश्चात मापदण्ड तथा कार्यविवरण स्वीकृत गर्ने निर्णय गरियो।

सियारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नैया, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

अशर जि. सी.
प्रमुख प्रशासकीय अधिकृत

थानेश्वर घिमिरे
अध्यक्ष

CamScanner